बागमती प्रदेश सरकार

# उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

## उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

**विदुर,नुवाकोट**

पत्र सङ्ख्या:२०८२।८३

चलानी नम्बर:

**प्रविधि(मेशिन/उपकरण) हस्तान्तरणको लागि प्रविधि मागको प्रस्ताव आह्वान गरिएको सूचना**

**प्रथम पटक प्रकाशन मितिः२०८२/८/१८**

यस कार्यालयको चालु आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयमा दर्ता भई संचालनमा रहेका लघु, घरेलु तथा साना उद्योगहरुलाई उद्यमी र प्रदेश सरकारको (५०/५० प्रतिशत)लागत साझेदारीमा मेशिन/उपकरण हस्तान्तरणसंग सम्बन्धित तपशिल बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकोले इच्छुक उद्योग/उद्यमीहरुलाई उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (२०८२ साल पौष १८ गते सम्म र अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) रितपूर्वक प्रविधि मागको प्रस्ताव पेश गर्नको लागि आह्वान गरिएको यो सूचना सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | स्वीकृत वार्षिक कार्यक्रम | लक्षित बर्ग तथा क्षेत्र | संलग्न हुन पर्ने कागजातहरु |
|---|---|---|---|
| १. | लघु घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण (उद्यमीको ५० प्रतिशत लगानी साझेदारी) | उद्योग तथा वाणिज्य कार्यालय मा दर्ता भइ नुवाकोट जिल्लामा संचालनमा रहेका उद्योगहरुका लागि | • तोकिएको ढाँचाको निवेदन<br>• उद्योग दर्तानवीकरण सहितको प्रमाणपत्र/<br>• पानभ्याट दर्ता प्रमाणपत्र/<br>• आ.व.०८१/०८२ को कर चुक्ताको प्रमाणपत्र समावेशी समूहमा पर्ने भए सो को प्रमाण / अनुभवको प्रमाणपत्रको प्रतिलिपि/कागजात तालिम |

**प्राथमिकता/शर्तहरु**

१. प्रविधि माग सम्बन्धि निवेदन प्रविधि हस्तान्तरण सम्बन्धि कार्यविधि २०८१ को अनुसुचि १ बमोजिम हुनेछ । निवेदन फारम यस कार्यालय बाट निशुल्क प्राप्त हुनेछ ।

२. यस कार्यालय बाट अनुदान प्राप्त गरेको ३ वर्ष व्यतित नभई पुनःप्रविधि हस्तान्तरण गरिने छैन ।

३. महिला, दलित, मधेशी, अपाङ्ग, आर्थिक एंव सामाजिक दृष्टिले पछाडि परेका आदिवासी जनजातीद्वारा संचालित उद्योगलाई प्राथमिकता दिइनेछ ।

४. म्याद नाघी वा रित नपुर्याइ पेश हुन आएका प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन ।

५. निवेदकले झुठ्ठा विवरण पेश गरेको पाइएमा वा जानकारी हुन आएमा ती प्रस्तावहरुलाई मुल्याङ्कनमा समावेश गरिने छैन ।

६. अन्य विषयहरु प्रविधि हस्तान्तरण सम्बन्धि कार्यविधि २०८१ बमोजिम हुनेछ ।

७. निवेदन वापतको दस्तुर रु.१००।–नेपाल वैंक लि.त्रिशुली शाखामा कार्यालय कोड ३२५००२९०१३, राजस्व शीर्षक १४२२९ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

**८. यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा ०१०-५६०००४, ९८५१३३९२०४ मा सम्पर्क गर्न सकिनेछ ।**

कार्यालय प्रमुख

इमेल:csionuwakot@gmail.com

फोन नं. ०१०-५६०००४

CamScanner

## अनुसूची- २

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**<u>निवेदनको ढाँचा</u>**

मितिः............................

श्रीमान् कार्यालय प्रमुखज्यू,
उद्योग तथा वाणिज्य कार्यालय,.....................।

**विषयः प्रविधि खरिदको लागि अनुदान उपलब्ध गराई पाऊँ।**

महोदय,

मेरो/हाम्रो नाममा दर्ता भएको प्रा.फ./सा.फ./प्रा.लि. दर्ता नं. ............को उद्योग सञ्चालन, विस्तार तथा स्तरोन्नति गर्न प्रविधि आवश्यक भएकोले प्रविधि हस्तान्तरण अन्तर्गत निम्न बमोजिमको मेसिन/औजार/उपकरण खरिदका लागि अनुदान उपलब्ध गराइदिनुहुन निवेदन दस्तुर वापत रु. १००।- (अक्षरेपि एक सय रुपैंया) राजश्व दाखिला गरेको बैंक भौचर/नगदी रसिद सहित यो निवेदन पेस गरेको छु/छौं।

**<u>निवेदकको विवरण</u>**

१. उद्योगीको नाम, थर, लिङ्ग र ठेगाना :

२. उद्योगको नाम, ठेगाना :

३. उद्योग दर्ता नं. र दर्ता मिति :

४. उद्योगमा लगानी भएको पुँजी

(क) स्थिर पुँजीः (ख) चालू पुँजीः (ग) जम्मा पुँजीः

५. उद्योगबाट उत्पादन हुने वस्तुको विवरण (वार्षिक) :

६. उत्पादन निर्यात गर्ने/नगर्ने :

६.१. निर्यात गर्ने भए गतवर्ष गरेको निर्यातको विवरण :

७. उद्योगले प्रदान गरेको रोजगारी संख्या :

८. उद्योगमा प्रयोग हुने कच्चापदार्थ र श्रोत :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश



CS CamScanner

९. यसअघि कुनै सरकारी अनुदान प्राप्त गरे/नगरेको :

९.१.गरेको भए अनुदान दिने निकाय, रकम र मिति :

१०. माग गरेको मेसिन/औजार/उपकरणको नाम र अनुमानित लागतः

११. उत्पादनमा हुने मूल्य अभिवृद्धिको प्रतिशतः

**अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः**

१. उद्योग दर्ता/नवीकरण प्रमाणपत्र

२. PAN दर्ता नं, र कर चुक्ता पत्र (गत आ.व. सम्मको)

३. अपाङ्ग, दलित वा विपन्न भए सोको प्रमाणपत्र

४. अनुभव तथा तालिमका प्रमाणपत्रहरु भएमा सो को प्रतिलिपीहरु।

निवेदक

नामः

दस्तखतः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश



CamScanner